कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके

लुम्बिनी प्रदेश, नेपाल

Google Plus Code

6M2Q+5V7
Kohalpur

**कोहलपुर ११ गोलपार्क स्थित भ्यू टावर पर्यटन शुल्क संकलन तथा सम्पुर्ण व्यवस्थापन ठेक्का सम्बन्धी सुचना ।।**

**तेस्रो पटक सूचना प्रकाशित मितिः २०८०/०७/१५**

यस कोहलपुर नगरपालिका - ११ गोलपार्क स्थित भ्यु टावर पर्यटन शुल्क संकलन तथा सम्पुर्ण व्यवस्थापनमा २ वर्षको लागि सञ्चालन गर्ने कार्यका लागि कोहलपुर नगरकार्यपालिकाको मिति २०८०/०६/२४ गतेको निर्णय अनुसार तपशिल बमोजिमको क्षेत्रमा प्रतिस्पर्धात्मक रुपमा सबैभन्दा बढी अंक कबोल गर्ने व्यक्ति/ फर्म/ कम्पनीलाई आय ठेक्काको बोलपत्र पेश गर्ने सम्बन्धी यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल

| क.स | विवरण | एकमुष्ठ प्रतिवर्ष न्यूनतम मुल्य | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|
| १ | गोलपार्क स्थित भ्यु टावर पर्यटन शुल्क संकलन तथा सम्पुर्ण व्यवस्थापन | रु. २४,००,०००।- | २,४०,०००।- | बोलपत्र दस्तुर रु. ३०००।- फिर्ता नहुने गरि। |

- उल्लेखित न्युरोड स्थित गोलपार्क भ्यु टावर पर्यटन प्रवेश शुल्क संकलन तथा सम्पुर्ण व्यवस्थापन खुला प्रतिस्पर्धात्मक रुपमा व्यक्ति/फर्म/कम्पनीले मात्र प्रस्ताव पेश गर्न पाउने छ।
- बोलपत्र अनलाइन प्रक्रिया (E-bidding) बाट पेश गर्न सकिने र सो सम्बन्धी विस्तृत जानकारी कोहलपुर नगरपालिकाको वेवसाईट www.kohalpurmun.gov.np वा www.bolpatra.gov.np बाट लिन सकिनेछ।
- बोलपत्र बापत धरौटी रकम यस कार्यालयको कृषि बिकास बैंक कोहलपुर शाखामा रहेको धरौटी खाता नं ०७२०५०१०००२३५२१७ मा नगदै जम्मा वा कम्तिमा १२० दिन समयावधिको मान्यता प्राप्त बाणिज्य बैंकबाट जारी भएको बैंक जमानत सक्कलै पेश गर्नुपर्ने छ।
- बोलपत्र स्वीकृत भएमा कम्तिमा ३ महिनाको नगद धरौटी एवम् बाँकी अवधिको बैंक ग्यारेन्टी संलग्न राखी सम्झौता गर्नुपर्ने छ।
- बोलपत्र खरिद तथा पेश गर्ने मिति र समयः २०८०/०७/२९ दिनको १२.०० बजे सम्म।
- बोलपत्र खोलिने मिति र समयः सूचना बमोजिम पर्न आएका बोलपत्र १६ औं दिनका दिन सम्बन्धित प्रस्तावदाताको रोहवरमा खोलिने छ। कुनै प्रस्तावदाता उपस्थित नभएमा समेत प्रस्ताव खोल्न बाधा पर्ने छैन। प्रस्ताव दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो पछि लगत्तै कार्यालय खुल्ने दिनलाई अन्तिम दिन कायम गरिनेछ।
- पेश गर्नुपर्ने कागजातहरुः फर्म/व्यवसाय/कम्पनी दर्ता नविकरण समेत प्रमाणपत्रको प्रतिलिपी, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी, नागरिकताको प्रतिलिपी।
- सूचनामा उल्लेख नभएका शर्तहरु प्रचलित कानून तथा कोहलपुर नगरपालिकाको निर्णय बमोजिम हुने छ।

२०८०/७/१५

धोलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत